# "Tourism for Prosperity"

## नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (नाट्टा)

## गण्डकी प्रदेश, पोखरा

## २९ औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशन

## महासचिव द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

श्रद्धेय सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, नाट्टा केन्द्रका अध्यक्ष ज्यू, विशेष अतिथि ज्यूहरु, निवर्तमान अध्यक्ष ज्यू, संस्थापक अध्यक्ष ज्यू, पुर्व अध्यक्ष परिषदका संयोजक ज्यू, पुर्व अध्यक्ष ज्यूहरु, केन्द्रका पदाधिकारी एवं सदस्य ज्यूहरु, प्रदेश, संघ र च्याप्टरका अध्यक्ष लगाएत प्रतिनिधि ज्यूहरु, आमन्त्रित बिशिष्ट महानुभावहरु एवं यस सम्मानित साधारण सभामा उपस्थित नाट्टा गण्डकी प्रदेशका आदरणीय सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु र उपस्थित महिला तथा सज्जन बृन्द्धमा नाट्टा गण्डकी प्रदेशको महासचिव संगिता पौडेल यहाँहरुलाई हार्दिक स्वागत एवं नमस्कार अर्पण गर्न चाहान्छु ।

तदनुरुप संघको १२ औ अधिवेसन तथा २७औं वार्षिक साधारण सभाबाट यहाँहरुले प्रदान गर्नु भएको जिम्मेवारीलाई आत्मसाथ गर्दै आज २९औं साधारण सभा तथा १३ औं अधिवेशन समक्ष नाट्टा गण्डकी प्रदेशको महासचिवको हैसियतले संघको वार्षिक गतिविधिहरु प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

**अध्यक्ष महोदय एवं उपस्थित सम्पुर्ण महानुभावहरु :**

**संघले गत आ.व.२०८०/०८१ (२०२३/२०२४) मा सम्पन्न गरेका कार्यक्रमहरु निम्नानुसार रहेका जानकारी गराउन चाहान्छु ।**

### १. संघको २८ औ वार्षिक साधारण सभा :

मिति २०८०-०४-१९ (तदनुसार 4th August, 2023) गते शुक्रबार होटल ल्यान्डमार्कको सभाहलमा पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्य ज्युको प्रमुख आतिथ्यतामा समी बोटमा जल अर्पण गरी उक्त विरुवालाई पर्यटक बसपार्कमा एक विशेष समारोहका साथ पुन वृक्षित गर्ने गरी समुद्घाटन गरिएको थियो । संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा सम्पन्न समारोहका संयोजक संघका प्रथम उपाध्यक्ष श्री किशोर दाहाल ज्यू रहनु भएको थियो । उक्त भव्य समारोहमा नाट्टा प्रदेश संघ,च्याप्टरका आदरणीय अध्यक्ष ज्यूहरु,संघका पदाधिकारी ज्यूहरु एवं कार्यसमिति सदस्य ज्यूहरु, पत्रकार महासंघ कास्कीका अध्यक्ष ज्यू, लगायत विभिन्न संघ संस्थाका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु, संघका सदस्य ज्यूहरुको उल्लेख्य सहभागीतामा उक्त २८ औं साधारण सभा सम्पन्न भएको थियो । उक्त साधारण सभा

सम्पन्न गर्न विभिन्न व्यवसायिक क्षेत्रबाट सहयोग प्राप्त भएको थियो । जसमा डायरी प्रकाशनको लागी IME Group of Industries का Butwal Hills, मौलाकालिका केवलकार,Ime Pay लाई विशेष धन्यवाद व्यक्त गर्दछौ । साथै Wp Travel, NMB Bank,Hotel Landmark, Annapurna Cable Car तथा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी ज्यूहरु तथा कार्यसमिति सदस्य ज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**२. Pokhara Nepal Tourism Promotion Campaign 2080:**

मिति २०८०-०५-२३ गते देखि २०८०-०५-२५ गते (तदनुसार 9th September 2023 to 11th September 2023) सम्म भारतको West Bengal राज्यको Silguri मा आयोजित ३ दिने Bengal Travel Mart कार्यक्रम पोखरा महानगरपालिकाको प्रवर्द्धनमा पोखराका पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन सहितको स्टल व्यवस्थापन गरी पोखरा र नेपालको प्रवर्द्धन गरिएको थियो । कार्यक्रम संघका प्रथम उपाध्यक्ष श्री किशोर दाहाल ज्यूको संयोजनमा सम्पन्न भएको थियो । कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यू,पोखरा पर्यटन परिषदका अध्यक्ष श्री पोमनारायण श्रेष्ठ ज्यू, संघका महासचिव श्री संगिता पौडेल ज्यू, सचिव श्री चेत बहादुर कार्की (चेतन) ज्यू, कार्यसमिति सदस्य संघका सदस्य श्री तारा प्रसाद गौतम ज्यू, सन्दीप श्रेष्ठ ज्यू, लिला बल्भव पोखेल ज्यू, संघका पुर्व कोषाध्यक्ष राजेश पाहारी ज्यू,संघका सदस्य ज्यूहरु श्री पदम राज आचार्य ज्यू, लक्ष्मण पन्थी ज्यू, चीज जंग गूरुङ्ग तथा पत्रकारहरु अनलाईन खबरका अमृत सुवेदी ज्यू, सेतोपाटी अनलाईनका युवराज श्रेष्ठ ज्यू सहित १४ जनाको सहभागिता रहेको थियो । हाम्रो यस अभियान सफल पार्नको लागि सहयोग गर्नु हुने Bengal Travel Mart (BTM) को आयोजक इथुवा (EHTTOA), पत्रकार ज्यूहरु साथै यस अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**३. संघले सम्पन्न गरेका तालिम कार्यक्रमहरु :**

**क. कर तथा लेखा अभिमुखीकरण तालिम :**

मिति २०८०-०६-०२ (तदनुसार 19th September, 2023) गते कर तथा लेखा अभिमुखिकरण तालिम संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा नेपाल पर्यटन बार्डको सभाहलमा सम्पन्न भएको थियो । तालिम पोखरा पर्यटन परिषदका अध्यक्ष श्री पोम नारायण श्रेष्ठ ज्युको प्रमुख आतिथ्यतामा, सम्पन्न भई पोखरा पर्यटन परिषदका पुर्व अध्यक्ष श्री टिकाराम सापकोटा ज्यूले प्रशिक्षण दिनु भएको थियो । कार्यक्रम नाट्टा गण्डकी प्रदेशका कार्यसमिति सदस्य श्री तारा प्रसाद गौतम ज्यूको संयोजनमा सम्पन्न कार्यक्रममा ६० जना भन्दा बढि प्रशिक्षार्थी सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रमको समापन समारोहमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त कार्यालय प्रमुख श्री नविन पोखेल ज्युको विशेष आतिथ्यता तथा बोर्डका पदाधिकारी ज्यूहरु, कार्यसमिति सदस्य ज्यूहरुको सहभागितामा सम्पन्न भएको थियो । व्यवसायको हिसाब चुस्त दुरुस्त राख्नका साथै लेखा एवं करको कारणले आउने व्यवधान र यसको समाधान का निम्ती उक्त तालिम आयोजना गरिएको थियो । कार्यक्रममा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने संघका पदाधिकारी ज्यूहरु, कार्यसमितिका सदस्यज्यूहरु लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

**ख. Digital Capacity Building & Customer Care Training:**

नेपाल पर्यटन बोर्डको **STLRP** कार्यक्रम अन्र्तगत नाट्टा गण्डकी प्रदेशको आयोजना र नाट्टा केन्द्रीय कार्यालयको सहकार्यमा मिति : २०८० मंसिर २१ गते  देखि २५ गते सम्म (Dec 7th -Dec 25th,2023) सम्म Digital Capacity Building तालिम र मिति : २०८० पुस ०३ गते  देखि ०७ गते सम्म (Dec 19th -Dec 23rd, 2023) Customer Care तालिम सफलतापूर्वक सम्पन्न भएको थियो । उक्त कार्यक्रम नाट्टा गण्डकी प्रदेशका कार्यसमिति सदस्य श्री तारा प्रसाद गौतम ज्युको संयोजनमा टिका रिसोर्ट लेकसाइडमा सम्पन्न भएको थियो । दुई चरणमा सम्पन्न भएको तालिममा प्रशिक्षकहरु श्री पंकज प्रधानाङ्ग ज्युले Customer Care Training र आमोद निरौला ज्यूले Digital Capacity Building Training प्रदान गर्नु भएको थियो । तालिममा पोखरा र गण्डकी प्रदेशका अन्य जिल्लाहरु गरी ७० जना ट्राभल व्यवसायीहरुले सहभागिता जनाउनु भएको थियो । कार्यक्रम आयोजना गर्ने अवसर प्रदान गर्नु भएकोमा नाट्टा केन्द्रलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**४. ४४ औ अन्तराष्ट्रिय पर्यटन दिवसको अवसरमा वृक्षरोपण तथा रक्तदान कार्यक्रम :**

मिति २०८०-०६-१० (तदनुसार 27th September,2023) गते अन्तराष्ट्रिय पर्यटन दिवसको अवसरमा पर्यटक बसपार्क राष्ट्रबैंकचोकमा गण्डकी प्रदेशका नीती तथा योजना आयोगका प्रमुख डा. कृष्णचन्द्र देवकोटा ज्यूले २८ औं साधारण सभामा समीको विरुवालाई वृक्षारोपण गरी कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो । कार्यक्रममा विशेष अतिथि पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव श्री कुमानसिंह गुरुङ्ग ज्यू, पोखरा पर्यटन परिषदका अध्यक्ष श्री पोम नारायण श्रेष्ठ ज्यू, पूर्वअध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, नाट्टा गण्डकी प्रदेशका निर्वतमान अध्यक्ष श्री संजयकान्त सिग्देल ज्यू, नाट्टा गण्डकी प्रदेशका संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद बास्तोला ज्यू, पूर्वअध्यक्ष ज्यूहरु, पोखरा महानगर पर्यटन विकास समितिका उपाध्यक्ष श्री रविन्द्र पौडेल ज्यू, भारतीय ट्राभल्स व्यवसायी समुहका ८ जना व्यक्तित्वहरु, पर्यटनसँग सम्बन्धित सम्पूर्ण अध्यक्ष एवं प्रतिनिधिहरु, पत्रकार ज्यूहरु, पदाधिकारी ज्यूहरु, सम्पूर्ण कार्यसमिति साथीहरु र रक्तादाताहरुको उपस्थितीमा कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको थियो । कार्यक्रममा रक्तसंचार केन्द्रका प्रमुख श्री महेन्द्र केसी ज्यूको उपस्थितीमा ३१ पिन्ट रगत संकलन गर्नुभएको थियो भने ७० धुपी, २० पारिजात र २० पंयुका विरुवा पर्यटक बसपार्क परिसरमा वृक्षारोपण गरी सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री शुसिला सिग्देल ज्यूले गर्नु भएको थियो ।

**५. पोखरा पर्यटन परिषद तथा परिषदसँग आवद्ध संघ संस्थाहरुको आयोजनामा शुभकामना आदान प्रदान कार्यक्रम :**

मिति २०८०-०७-०२ (तदनुसार 18th October,2023) गते विजयादशमी, दिपावली, छठ तथा नेपाल संम्वतको पावन अवसरमा माउन्ट कैलाश रिसोर्ट, लेकसाइड पोखरामा शुभकामना आदान प्रदान गर्ने उद्देश्यले पोखरा पर्यटन परिषदको आयोजना तथा आवद्ध संघ संस्थाहरुको सहभागितामा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

**६. NATTA Family Fellowship Meet-2024 कार्यक्रम :**

मिति २०८०-१०-२० (तदनुसार 3rd February,2024) गते संघका सदस्यहरुलाई संस्थागत भाइचाराको सम्बन्ध स्थापित गर्न र सदस्यहरु बिचको सम्बन्धलाई अझै प्रगांढ बनाउन र पर्यटनसँग सम्बन्ध राख्ने संघ संस्था, व्यक्ति विशेषहरुसँग परिचित गर्ने उद्देश्यले **"NATTA Family Fellowship Meet-2023"** को आयोजना गरिएको थियो । उक्त Fellowship कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका सदस्यहरु, नाट्टा केन्द्र, प्रदेश, च्याप्टर र विभिन्न संघ सस्थाका अध्यक्ष तथा प्रतिनिधि एवं व्यापारिक प्रतिष्ठानका प्रतिनिधिहरु समेत गरी लगभग ३०० जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम पोखरा -२४ बासकोट बाम्बो ब्रिजमा आयोजना भएको थियो भने कार्यक्रमको संयोजक संघका कार्यसमिति सदस्य श्री लिला वल्लभ पोखेल (गणेश) ज्युले गर्नुभएको थियो । कार्यक्रम बिहान १०:३० बजे शुरु भई साँझसम्म आयोजना गरिएको थियो । उक्त Fellowship कार्यक्रममा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आर्थिक रुपमा सहयोग गर्नुहुने सहयोगीदाताहरुको नामवली निम्न प्रकारको रहेको छ :

a.Open Sky Paragliding P.Ltd
b.Sarangkot Mountain Lodge
c.Go Bungee Nepal
d.Teeka Resort Lakeside
e.Novel International Travel & Expeditions P.Ltd
f.Hotel Siddharth Bhairahawa
g.Rainbow Safari Resort Sauraha Chitwan
h.Rapidrunner Expeditions P.Ltd
i.Rainbow Adventure Travels P.Ltd
j.Global Vacation Tours & Travels P.Ltd
**k.Sipradi Trading**
l.Jwalakhel Group of Industries P.Ltd
jGorkha Brewery
k.Tara Suman Suppliers (Real juice)

**७. Eastern Himalayan Travel & Tour Operators Association (EHTTOA) सँगको भेटघाटः**

मिति २०८०-११-०८ गते Eastern Himalayan Travel & Tour Operators Association (EHTTOA का प्रतिनिधि West Bengal का Travel Tour Operator हरुलाई पोखरमा स्वागत गरी पर्यटन प्रवद्ध)र्न र आपसी व्यापार विस्तारका विषयमा छलफलका साथै उहाँहरुको लागि शान्त रात्री भोजको आयोजना गरिएको थियो । कार्यक्रममा ETTHOA का IPP, Secretary General, Treasurer, लगायतका पर्यटन व्यवसायी र संघका तर्फबाट पूर्व अध्यक्ष ज्यूहरु र कार्यसमितिको सहभागिता रहेको थियो ।

**७. होली कार्यक्रम :**

मिति २०८०-१२-११ (तदनुसार 24th March,2024) गते रंगहरुको पर्वको रुपमा परिचित हिन्दुहरुको महान् पर्व फागु पुर्णिमाको अबसरमा संस्कृतिको जगेर्ना गर्न र आपसी सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम पर्यटन बसपार्क राष्ट्रबैंकचोकमा सम्पन्न गरिएको थियो । कार्यक्रम नाट्टा गण्डकी प्रदेशका कार्यसमिति सदस्य श्री तुल बहादुर गुरुङ्ग ज्यूको संयोजनामा सम्पन्न होली पर्वमा मलेसियाबाट पोखरा भ्रमणका लागि आउनु भएको पर्यटकहरुलाई होली पर्वको महत्वको बारेमा बुझाई, एकआपसमा शुभकामना आदान प्रदान गरी र रङ्गहरु खेलेर कार्यक्रमलाई मनोरञ्जनात्मक रुपमा सम्पन्न गरिएको थियो ।

**८. गन्तव्य पहिचान एवं अन्तरक्रिया कार्यक्रम :**

मिति २०८०-१२-२४ गते देखि २६ गते सम्म (तदनुसार 6th April 2024-8th April 2024) पर्यटनको अथाह सम्भावना बोकेको गण्डकी प्रदेशको बाग्लुङ पर्वत,नवलपुर जिल्लाको विभिन्न सम्भाबित पर्यटकीय स्थलहरुको प्रबर्द्धन गर्ने उद्देश्यले ३ दिने **गन्तव्य पहिचान, प्रवर्द्धन एवं अन्तरक्रिया कार्यक्रम** को आयोजना गरिएको थियो । कार्यक्रममा १६ जनाको सहभागीता रहेको थियो । बाग्लुङको जैमिनी धामबाट शुरु भएको कार्यक्रममा पहिलो दिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशका माननीय मन्त्री दिपेन्द्र बहादुर थापा ज्यूको प्रमुख आतिथ्यतामा जैमिनी धाम नगरपालिकाको सभाहलमा सम्पन्न अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा जैमिनी धाम नगरपालिकाका उपमेयर श्री हरिहर सापकोटा ज्यू लगायत स्थानिय तहका व्यक्तित्वहरुले गन्तव्य पहिचानको विषयमा आफ्नो धारणा राख्नुभएको थियो भने अन्य सहभागीहरुले विषयगत छलफलमा भाग लिनु भएको थियो । तत् पश्चात् जैमिनी नगरपालिकाको भ्रमण गरी गजेन्द्र मोक्ष धामको लागी प्रस्थान गरिएको थियो । दोस्रो दिन गजेन्द्र मोक्ष धाममा गजेन्द्र मोक्ष धामका कृष्ण स्वामी प्रपन्नचार्य ज्यूको प्रमुख आतिथ्यतामा गन्तव्य पहिचान तथा प्रवर्द्धनको विषयमा अन्तरक्रिया कार्यक्रमाको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विनयी त्रिवेणी गाउँपालिकाका प्रमुख श्री घनश्याम गिरी ज्यू लगायतका व्यक्तित्वहरुले आफ्नो धारणा राख्नु भयो भने सोही दिन देवचुली नगरपालिकाको प्रिपहर होमस्टेको सभाहलमा देवचुली नगरपालिकाका प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको प्रमुख आतिथ्यतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त दुवै अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका व्यक्तित्वहरु, पर्यटनसँग सम्बन्धीत व्यक्तित्वहरुले आफ्नो धारण राख्नु भएको थियो । सोही दिनको दुवै अन्तरक्रिया कार्यक्रममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री कुमान सिंह गुरुङ्ग ज्यू, महाशाखा प्रमुख दिनेश आचार्य ज्यूहरुले सहभागीता जनाउनु भएको थियो भने दुवै अन्तरक्रिया कार्यक्रममा सोही ठाउँका स्थानिय तहका व्यक्तिहरुले छलफलमा भाग लिनु भएको थियो । नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संयोजन संघका द्धितिय उपाध्यक्ष श्री कमला गिरी ज्यूले गर्नु भएको थियो ।

कार्यक्रममा नाट्टा गण्डकी प्रदेश बाट भ्रमणमा सहभागी हुने सम्पूर्ण सहभागीहरु, नेपाल टेलिभिजन गण्डकी प्रदेशका प्रमुख परशुराम शर्मा ज्यू, रा.स.स गण्डकी प्रदेशका प्रमुख बासुदेव पौडेल ज्यू, हिमाल खबर डट कमका रिपोर्टर दुर्गा राना ज्यू र स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । गन्तव्य प्रबर्द्धन अभियान कार्यक्रमलाई भव्य रुपमा सम्पन्न गर्न आर्थिक सहयोग उपलब्ध गराउँने उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, तत्कालिन पर्यटन मन्त्री माननीय दिपेन्द्र थापा ज्यू, नाट्टा

लुम्बिनी प्रदेशका अध्यक्ष श्री रचना पन्त ज्यू, जैमिनी धाम नगरपालिकाका उपमेयर श्री हरिहर सापकोटा ज्यू, विनयी त्रिवेणी गा.पा. अध्यक्ष घनश्याम गिरी ज्यू, देवचुली नगरपालिकाका प्रमुख श्री हरिप्रसाद न्यौपाने ज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयकासचिव कुमान सिंह गुरुङ्ग ज्यू,महाशाखा प्रमुख दिनेश आचार्य ज्यू, खाना तथा आवाश प्रदान गर्नुहुने त्रिवेणी धामका कृष्ण स्वामी प्रपन्नचार्य ज्यू एवं परिवार तथा जैमिनीधाम परिवार,संघका नि.व. अध्यक्ष श्री संजयकान्त सिग्देल ज्यू, तीन दिने कार्यक्रममा उपस्थित रहने पत्रकार ज्यूहरु, विशेष गरी जैमिनी नगरपालिकाका उपप्रमुख श्री हरिहर सापकोटा ज्यू र सहभागी सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै साथै यस अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**९. नाट्टा क्यालेण्डर प्रकाशन - २०८१ :**

नाट्टा गण्डकी प्रदेशको बार्षिक कार्ययोजनामा रहेको क्यालेण्डर प्रकाशन लाई निरन्तरता दिदैं नाट्टा टेबुल क्यालेण्डर २०८१ प्रकाशन गरिएको थियो । संघको प्रकाशन कार्यलाई पुर्णता दिदैं संघका सदस्यहरु, सरकारी तथा गैर सरकारी निकाय, व्यवसायिक प्रतिष्ठान संघले आयोजना गरेका प्रबर्द्धनात्मक कार्यक्रमहरु, बिभिन्न संघ संस्थाहरुमा समेत बितरण गरिएको थियो भने क्यालेण्डर प्रकाशनको संयोजन संघका कार्यसमिति सदस्य श्री खिम बहादुर नेपाली ज्यू रहनु भएको थियो । क्यालेण्डर प्रकाशनमा विभिन्न व्यापारीक प्रतिष्ठानहरुले विज्ञापन उपलब्ध गराउनु भईप्रकाशन र बिज्ञापन संकलनका लागी संघका पदाधिकारी लगाएत कार्यसमिति सदस्यज्यूहरु एवं विज्ञापन उपलब्ध गराउन सहयोग गर्नुहुने सम्पूर्ण विज्ञापन दाताहरुमा हार्दिक आभार प्रकट गर्न चाहान्छु । विज्ञापन उपलब्ध गराउने विज्ञापन दाताहरुको नामवाली यस प्रकार रहेको छ :

| S.N. | Name |
|---|---|
| 1. | Garima Bikash Bank |
| 2. | Yes Helping Hand |
| 3. | Swacon Int Hospital |
| 4. | BYD (Puja Construction) |
| 5. | Chinese Garden Restaurant and Bar |
| 6. | Bar Peepal Resort |
| 7. | Swift Holidays |
| 8. | Himalayan Tourist Kitchen |
| 9. | Annapurna Paragliding |
| 10. | Linkage Tours & Travels |
| 11. | Summit Air |
| 12. | Buddha Holidays |
| 13. | Open Visit Nepal Travel & Tours P.Ltd |
| 14. | Kanchan Poultry Pvt Ltd |
| 15. | SAIT Solution |
| 16. | Image Holidays |
| 17. | Rainbow Adventure |
| 18. | Annapurna Cable Car |
| 19. | Go bungee Nepal |
| 20. | Zero Point Travels & Tours P.Ltd |
| 21. | Teeka Resort |

## १०. Pokhara-Nepal Tourism Promotion in China -2024 (Nepal Sales Mission in China)

**(Chengdu-Guangzhou, Beijing) 16th May 2024 -23rd May 2024:**

मिति २०८१-०२-०३ गते देखि १० गते सम्म Pokhara-Nepal Tourism Promotion in China -2024 को सहभागिताको लागि नाट्टा गण्डकी प्रदेशको अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको नेतृत्व र कार्यसमिति सदस्य श्री खिम बहादुर नेपाली ज्यूको संयोजकत्वमा सोह्र सदस्यीय टोली चीन प्रस्थान गरेको थियो । कार्यक्रमको तालिका अनुसार मिति २०८१-०२-०५ गते (18th May, 2024) का दिन चीनको Guangzhou शहरमा Guangzhou International Travel Fair-2024 (GITF) मा सम्पूर्ण टीमले सहभागिता जनाएको थियो । उक्त कार्यक्रम पश्चात् नाट्टा गण्डकी प्रदेश को नियमित बैठक चीनका Guangzhou शहरको Rosedale Hotel & Suites मा Virtually समेत सम्पन्न गरिएको थियो । तत् पश्चात् मिति २०८१-०२-०७ गते चीनको राजधानी शहर बेजिङ्गमा नेपाल पर्यटन बोर्डको सहयोगमा नेपालको लागि चिनिया राजदूतावासको समन्वयमा चीनको विभिन्न Media, Trade Sector हरुको उपस्थिती गराई B2B Sales Mission कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा चीनको लागी नेपाली राजदूत महामहिम श्री विष्णु पुकार श्रेष्ठ ज्यूको प्रमुख आतिथ्यतामा भव्य समारोहको आयोजना गरी सु-सम्पन्न गरियो । उक्त समारोहमा नेपाल पर्यटन बोर्डका बरिष्ठ अधिकृत श्री कुन्दन कुमार मिश्र ज्यू,लेखा अधिकृत प्रदिप ग्रैरे ज्यू,राजदूतावासका विभिन्न पदमा रहेका व्यक्तित्वहरु, नाट्टा गण्डकी प्रदेशका पदाधिकारी ज्यूहरु, कार्यसमिति सदस्य ज्यूहरु, साधारण सदस्य ज्यूहरु, चीनका विभिन्न ट्राभल एण्ड टुर अपरेटर, चिनिया पत्रकारहरु सहित करिव १०० भन्दा बढी सहभागीकतामा उक्त B2B Sales Mission सफतापूर्वक सम्पन्न भएको थियो । उक्त सेल्स मिसनमा नेपाल पर्यटन बोर्डका बरिष्ठ अधिकृत श्री कुन्दन कमार मिश्र ज्यूले पोखरा र नेपालको पर्यटन प्रवर्द्धनको बारेमा भिडियो सहितको प्रस्तुती राख्नु भएको थियो भने नाट्टा गण्डकी प्रदेशका कार्यसमिति सदस्य एवं उक्त B2B & Nepal Sales Mission in China का संयोजक श्री खिम बहादुर नेपाली ज्यूले सम्पूर्ण महानुभावलाई स्वागत मन्तव्य व्यक्त गनू भएको थियो भने सम्पूर्ण वक्ताहरुले राख्नु भएको कुरालाई चाइनीज भाषामा अनुवाद समेत गर्नु भएको थियो । कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूले नेपालको पर्यटन प्रवर्द्धनमा चिनिया पर्यटकहरुको उलेलख्य भुमिका रहेको कुरालाई विशेष जोड दिनु हुदै आउने दिनमा यस्तो सेल्स मिसनका कार्यक्रमहरुलाई निरन्तरता दिइने कुरा व्यक्त गर्नुभयो । उक्त भव्य समारोह पश्चात् रात्री भोजको आयोजना गरिएको थियो । ततपश्चात् चीनको विभिन्न पर्यटकीय गन्तव्यहरुको अवलोकन गरि ८ दिनको भ्रमणको अन्तिम दिन चीनको छन्दु शहरको भ्रमण गरेर सम्पूर्ण टोली नेपाल फर्किएको थियौ । गण्डकी प्रदेश हुदै पोखराको पर्यटनलाई अन्तराष्ट्रिय रुपमा बजारीकरण गर्नुका साथै गण्डकी प्रदेश लगाएत नेपालका टुर एण्ड ट्राभल अपरेटरहरुलाई B2B मार्फत व्यापारिक सम्बन्ध अझै मजबुद गराउन गहन जिम्मेवारी गर्ने संस्था नाट्टा गण्डकी प्रदेशका अध्यक्ष ज्यू, पदाधिकारी ज्यूहरु, कार्यसमिति सदस्यज्यूहरु तथा साधारण सदस्य ज्यूहरु यस कार्यक्रममा अतिनै महत्वपुर्ण भुमिका खेल्न सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । कार्यक्रम सफल पार्नका लागी सहयोग गर्नुहुने नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक श्री नविन पोखेल ज्यू, बरिष्ठ अधिकृत श्री कुन्दन कुमार मिश्र ज्यू,चीनका लागी नेपाली राजदूत महामहीम श्री विष्णु पुकार श्रेष्ठ ज्यु र राजदुतावास कार्यालयका विशिष्ट व्यक्तित्व सुश्री कल्पना श्रेष्ठ ज्यू, श्रीमती सविता नकर्मी ज्यू, नेपाली महावाणिज्य दूत (Deputy

Councillor), नेपाली महावाणिज्य दूतावास Guangzhou China कार्यकारी निर्देशक श्री सरोज भट्टराई ज्यू, Beijing Chinese Flowrering Apple Management Co. Ltd Chairman Mr.Sun Sen Lin, General Manager of International Department of Beijing Yuani International Travel Agency Co. Ltd Miss Majing, Guangzhou Way Point Travel Services Co.Ltd Mr. Erick, Swift Holidays, Kathmandu Regency Hotel लगायत सम्पूर्णलाई धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै यस अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## ११. पर्यटन बसपार्क संचालन तथा व्यवस्थापनको लागी गरिएको पहल :

विगत लामो समय देखि पोखरामा पर्यटनको इतिहास बोकेको पर्यटक बसपार्क नाट्टा गण्डकी प्रदेशले संचालनमा ल्याउनको लागि पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पोखरा ७ स्थित पर्यटक बसपार्क संघको प्रत्यक्ष निगरानीमा सरसफाई एवं संरक्षण गर्दै आइरहेकोमा संघले आधिकारीक रुपमा संचालनको लागि पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष पोखरा,महानगरपालिकाका नगरप्रमुख र सम्बन्धित संघ संस्थाहरुसँग समन्वय गरी अगाडी बढ्दा कानुनी उल्झन र अख्तियारको कारणले गैर नाफामुलक संस्थालाई स्वामित्व दिन नमिल्ने भनी टेन्डर गर्नुपर्ने उपत्यका नगर विकास समितिको निर्णय भई २०८०-०६-०१ गते बोलपत्र आह्वान भएकोले उक्त विषयमा २०८०-०६-२२ गते नाट्टा गण्डकी प्रदेशको कार्यसमिति एवं पूर्वअध्यक्ष परिषदको बैठकमा वृहत छलफल गरी टेन्डरमा सहभागी हुने निर्णय बमोजिम संघको प्रथम उपाध्यक्ष श्री किशोर दाहालज्यूको संयोजकत्वमा ५ सदस्यीय कमिटिलाई बसपार्क सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने जिम्मेवारी दिए अनुसार बसपार्क व्यवस्थापन कमिटिका संयोजक श्री किशोर दाहाल ज्यूले पोखरा उपत्यका नगर विकास समितिले आह्वान गरेको पर्यटन बसपार्कको टेन्डर संघको मातहतमा प्रस्तुत गरेको कम्पनी A-One Construction लाई परेको जानकारी गराउँदै संचालनको लागि विभिन्न कानुनी अड्चनहरुलाई व्यवस्थापन गर्दै A-One Construction सँग सम्झौता गरी बसपार्क संचालनमा ल्याइएको थियो । यस अभियानको लागी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण पूर्व अध्यक्ष ज्यूहरु, पोखरा पर्यटन परिषद, पर्यटन सम्बन्धी विभिन्न संघ संस्था, नाट्टा गण्डकी प्रदेश **२०२२-२४** का बोर्डका पदधिकारी ज्यूहरु एवं कार्यसिमिति सदस्य ज्यूहरु सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै उक्त बसपार्क टेन्डरको व्यवस्थापन गर्नको लागी सरोकारवाला व्यवसायीहरु, संघका पदाधिकारी ज्यूहरु, सदस्यज्यूहरु र संघको कोषबाट व्यवस्थापन गरिएको थियो ।

## १२.पोखरा पर्यटनको राजधानी घोषणा :

मिति २०८०-१२-०४ (तदनुसार 17th March,2024) गते गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको अग्रसरतामा **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)** ज्यूले औपचारिक रुपमा गण्डकी प्रदेशको राजधानी शहर **पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा** गर्नुभएको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री, मन्त्री ज्यूहरु एवं सभासद ज्यूहरु नेपाल सरकारका उच्च पदस्त अधिकारी ज्यूहरु, कुटनितिक आयोगका प्रतिनिधि ज्यूहरु, विभिन्न देशका महामहिम राजदूतहरु, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरु, कलाकारहरु, व्यवसायीहरु तथा आमनागरिकहरुको भव्य उपस्थिती रहेको थियो ।

## १३. सक्रिय सहभागीता -

- मिति २०८०-०४-२८ गते मुग्लिन- पोखरा सडक खण्ड निर्माणमा भएको ढिलाई लाई सम्बन्धित ठेकेदार कम्पनी, स्थानीय र सरोकारवालाहरुसँग अन्तरक्रिया, अवलोकन र पत्रकार सम्मेलन दमौलीमा भएको कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०४-२९ गते पर्यटन मन्त्रालय गण्डकी प्रदेशले आगामी आर्थिक वर्षमा पर्यटन प्रवर्द्धन र विकासका कार्यक्रमहरु सम्बन्धी छलफलमा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०४-३२ गते पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्य ज्यूलाई भेटी पर्यटक बसपार्क र बोर्डर सिटी प्रमोशनको बारेमा छलफल कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी, प्रथम उपाध्यक्ष श्री किशोर दाहाल ज्यू र महासचिव श्री संगिता पौडेल ज्युको सहभागीता रहेको थियो ।
- मिति २०८०-०५-०२ गते नाट्टा कोशी प्रदेशको ११ औं साधारण सभा एवं ७ औं अधिवेशनमा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, पूर्व अध्यक्ष श्री ओम प्रकाश पाण्डे ज्यू, महासचिव श्री संगिता पौडेल, कार्यसमिति सदस्यज्यूहरु श्री तारा प्रसाद गौतम र सन्दिप श्रेष्ठ ज्यू सहभागी भई नव निर्वाचित अध्यक्ष श्री पुण्य भट्टराईको टिमलाई बधाई ज्ञापन साथै उक्त कार्यक्रममा सहभागि पत्रकार ज्यूहरु र अन्य प्रदेशका अध्यक्ष ज्यूहरुसँग अन्तर प्रदेश पर्यटनको सम्भावना र चुनौतीको विषयमा छलफल गरिएको थियो । उक्त कार्यक्रममा यातायात व्यवस्था गर्नुहुने पूर्व अध्यक्ष श्री ओम प्रकाश पाण्डे, खाजा र खानाको व्यवस्था गर्नुहुने Hotel Intourist Palace का संचालक जिवन पराजुली ज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छौ ।
- मिति २०८०-०५-०५ गते गण्डकी प्रदेश प्रहरी प्रमुख DIG बुद्धिराम गुरुङ्ग ज्यूलाई भेटी साना तथा मझौला सवारीमा भएका छत हटाउने विषयमा आएका समस्या समाधानको लागी अनुरोध एवं छलफलमा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०५-०९ गते प्रदेश सरकारको पर्यटन रणनिति र भावी कार्ययोजना छलफल कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०५-३१ गते माननीय मुख्यमन्त्री ज्यूको कार्यकक्षमा विश्व पर्यटन दिवसको विषयमा छलफल कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थयो ।
- मिति २०८०-०६-०२ गते गण्डकी प्रदेश पर्यटन मन्त्रालयद्धारा आयोजित पर्यटन व्यवसायीहरु सँग पर्यटकिय संम्भावना, अवसर र चुनौती विषयक "अन्तरक्रिया" कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०७-२३ गते संयुक्त राष्ट्र संघका महासचिव Mr.Antonio Guterres लाई पोखरा अर्न्तराष्ट्रिय विमानस्थलमा स्वागत कार्यक्रममा संघका अध्यक्ष, महासचिव एवं कोषाध्यक्ष ज्यू सहभागी हुनुका साथै उहाँको भ्रमण कार्यमा सहकार्य गरिएको थियो ।
- मिति २०८०-०९-०९ गते पोखराको पर्यटक बसपार्क व्यवस्थापन विषयमा सरोकारवाला व्यवसायी सदस्य ज्यूहरुसँग वृहत छलफल गरिएको थियो ।

- मिति २०८०-१२-०३ गते बाह्रखरी मिडियाको आयोजनामा भएको International Golf Tournament कार्यक्रमा संघका अध्यक्ष र महासचिवको सहभागीता रहेको थियो ।
- मिति २०८०-१२-०४ गते  सम्मानिय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूलाई Fishtail Lodge पोखरामा भेट गरि पोखराको अर्न्तराष्ट्रिय विमानस्थलबाट अर्न्तराष्ट्रिय हवाई उडान सुरुवात गर्ने लगाएत विभिन्न पर्यटन व्यवसायीका समस्याका विषयहरु समेटिएको ज्ञापन पत्र बुझाउने कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०१-०७ गते स्याङ्जा, पाल्पा र गुल्मीको संगम रिडीमा आयोजित "शालिग्राम महोत्सव वर्ष २०८१" घडा स्थापना एवं यात्रा शुभारम्भ कार्यक्रममा संघका अध्यक्ष  श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०२-१४ गते युनिट्राभ पोखराले आयोजना गरेको "श्रमिक रोजगार दाता र स्थानिय सरकार विषयक अर्न्तक्रिया कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०२-१६ गते अर्न्तराष्ट्रिय चेम्बर अफ कर्मसका अध्यक्ष श्री एयरका G.M. ,नागरिक उड्यान कार्यालयका प्रवक्ता र पर्यटन व्यवसायीहरु बिच पोखरा अर्न्तराष्ट्रिय विमानस्थलबाट अर्न्तराष्ट्रिय उडान सुरुवात गर्ने साथै पोखराबाट कैलाश मानसरोबर दर्शन हवाई सेवा सुरुवात गर्ने छलफल कार्यक्रममा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- मिति २०८०-०४-०४ गते संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यू साथै नाट्टा लुम्बिनी, कोशी र सुदुरपश्चिम प्रदेशका अध्यक्ष ज्यूहरुले नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेललाई उहाँकै कार्यकक्षमा भेटी हवाई टिकटमा विध्मान रहेको समस्या VAT हटाउने र पोखरा र भैरहवा अर्न्तराष्ट्रिय विमान स्थलबाट अर्न्तराष्ट्रिय उडान सुरुवात गर्न अनुरोध गर्नुभयो ।
- विभिन्न संघ संस्थाहरुको वार्षिक साधारण सभामा आयोजित कार्यक्रमहरुमा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको सहभागीता रहेको थियो ।
- विभिन्न समयमा संघका परिवार भित्र र सम्बन्धित क्षेत्रमा भएका सुखद कार्यहरुमा बधाई तथा शुभकामना र दुखद क्षणमा समवेदना प्रकट गरियो ।

**१४.अन्तरक्रिया कार्यक्रम एवं छलफल :**

- मिति २०८०-०७-१६ (तदनुसार 2nd November,2024) गते  Fairfest Media Ltd का founder Mr.Sanjeev Agrawal ज्यू सँग संघले नेपालको पर्यटकिय राजधानी पोखरा र नेपालको पर्यटन प्रवर्द्धन गर्ने OTM/TTF/BITM जस्ता Travel Trade Fair/ Event मा कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा,संघका पदधिकारी ज्यूहरु, कार्यसमिति सदस्य ज्यूहरु एवं पूर्व अध्यक्ष ज्यूहरु बिच छलफल एवं वृहत अन्तरक्रिया कार्यक्रम Hotel Landmark Pokhara मा सम्पन्न गरिएको थियो । उक्त अवसर जुटाई दिनुहुने, बिहानको खाजा व्यवस्थापन गरिदिनु हुने तथा मिटिङ्ग हल

उपलब्ध गराइृदिनु हुने संघका पूर्व अध्यक्ष श्री ओम प्रकाश पाण्डे ज्यूलाई धन्यवाद व्यक्त गर्न चाहान्छु ।

- मिति २०८०-०८-०२ गते (तदनुसार 18th November,2023) नेपालको पर्यटकिय राजधानी पोखराको गण्डकी प्रदेश र लुम्बिनी प्रदेश बिच आन्तरिक पर्यटन प्रवर्द्धनको उद्देश्यले "स्वास्थ्य, पर्यावरण, प्रकृति र पर्यटनको लागी साइकइल यात्रा" अभियानमा सहभागी साइकल सिटी भैरहवाका १४ जनाको सहभागी टोलीलाई पोखरामा स्वागत एवं पर्यटन प्रवर्द्धनमा आपसी सहकार्य विषयमा छलफल गरिएको थियो । कार्यक्रममा स्थान र चियापानको व्यवस्था सौजन्य गर्नुहुने Yes Helping Hands का संचालक श्री दिनेश कुमार थापा ज्यूलाई धन्यवाद व्यक्त गर्न चाहान्छु  साथै उक्त कार्यक्रममा सहभागिलाई संघको तर्फबाट दिवा खानाको व्यवस्था गरिएको थियो ।
- मिति २०८१-०- गते (तदनुसार 1st Feb,2024) नाट्टा गण्डकी प्रदेशका कार्यसमिति सदस्य श्री तारा प्रसाद गौतम ज्यू London UK मा आयोजित **Destination The Holiday & Travel Show 2024** मा सहभागिता
- मिति २०८१-०२-१५ गते (तदनुसार 28th May,2024) कानुन अन्वेशण तथा सोत्रविकास केन्द्र (सेलर्ड)को आयोजनामा तथा संघको सहकार्यमा टिका रिसोर्ट लेकसाईडमा बालबालिकाको इन्टरनेट सुरक्षा तथा उनीहरुको  इन्टरनेटमा पहुँचको अधिकार सुनिस्चितता विषयक एक दिने **Consultative workshop on Child Protection Policy for Travel & Tour Agencies अन्तरक्रिया तथा छलफल** कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको संयोजन संघका महासचिव श्री संगिता पौडेले ज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा पर्यटन व्यबसायमा संलग्न ट्रेकिङ गाईड,टान, हान, होम स्टे, भिटोफ लगाएत संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । कार्यक्रम आयोजना गर्नको लागी सहकार्य एवं सहयोग गर्नुहुने सेलर्ड एवं सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## १५. सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु :

- मिति २०८०-०७-२५ गते (तदनुसार 11th November,2023) बाराहीचोक लेकसाइड देखि पर्यटक बसपार्क राष्ट्रबैंकचोकसम्म सरसफाई कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री शुसिला सिग्देल ज्यूले गर्नुभएको थियो । कार्यक्रममा संघका अध्यक्ष ज्यू,पोखरा पर्यटन परिषद्का अध्यक्ष श्री पोम नारायण श्रेष्ठ ज्यू, टानका अध्यक्ष श्री धर्मराज पन्थी ज्यू ,सम्पूर्ण पदाधिकारी ज्यूहरु, कार्यसमिति सदस्य ज्यूहरु लगायत साधारण सदस्य जयूहरुको उपस्थिती रहेको थियो।
- मिति २०८०-०९-१४ (तदनुसार 30th December,2023) गते राष्ट्रबैंक स्थित पर्यटक बसपार्कमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको थियो । । उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री शुशिला सिग्देल ज्यूले गर्नुभएको थियो । कार्यक्रममा संघका अध्यक्ष,पदाधिकारी ज्यूहरु, विभिन्न संघ संस्थाका अध्यक्ष ज्यूहरु, संघका कार्यसमिति सदस्य ज्यूहरु लगायत साधारण सदस्य जयूहरुको उपस्थिती रहेको थियो ।

- मिति २०८०-१२-१० गते (तदनुसार 23rd March,2024) राष्ट्रबैंक स्थित पर्यटक बसपार्कमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको थियो । । उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री शुशिला सिग्देल ज्यूले गर्नुभएको थियो । कार्यक्रममा संघका अध्यक्ष ज्यू, पदाधिकारी ज्यूहरु, विभिन्न संघ संस्थाका अध्यक्ष ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु लगाएत संघका कार्यसमिति सदस्य ज्यूहरु लगायत साधारण सदस्य जयूहरुको उपस्थिती रहेको थियो ।

**१६. नाट्टा गण्डकी प्रदेश संघको सम्पन्न बैठकहरु :**

यस वर्ष संघको कार्यसमितिको बैठक निम्नानुसार बसेको थियो ।

क) नियमित बैठक १२ वटा
ख) संयुक्त बैंठक २ वटा
ग) आकस्मीक बैठक ३ वटा
घ) कार्यसमिति अतिरिक्त बैठक ४ वटा
उल्लेखित सबै बैठकहरु पूर्ण गणपूरक संख्या सहित सम्पन्न भएको थियो ।

**१७. नाट्टा गण्डकी प्रदेश सदस्यहरु :**

यस आ.ब.मा वर्ष संघमा आवद्ध नयाँ सदस्यहरु :

1. Reliable International Travel & Tour P.Ltd
2. Roaming Nepal Travel & Tour P.Ltd
3. Out of Town Adventure P.Ltd
4. Oxygen Tours & Travels P.Ltd
5. Navigation Travel & Trek P.Ltd
6. Yumi Adventure Tours & Travels P.Ltd
7. M.T. A Trekking P.Ltd (Elite Member)
8. Satkar Nepal Tours & Travels P.Ltd
9. Prism Holidays P.Ltd

संघमा हालसम्म नयाँ सदस्य समेत गरी जम्मा १६१ वटा कम्पनीहरु सदस्यका रुपमा आबद्ध रहेका छन्।

**आ.व. २०२४/२०२६ का लागि संस्थाले तय गरेका भावी कार्यक्रमहरु निम्न अनुसार रहेका छन् :**

१.नाट्टा गण्डकी प्रदेशले यस वर्ष Sales Mission & B2B -2025 को आयोजना गरिने छ । (श्रीलंका, मलेसिया, भारत,चीन,जापान, युरोप, Boarder City )
२.गण्डकी प्रदेश भित्र रहेका पर्यटकिय गन्तव्यहरुमा स्थलगत अबलोकन गरि थप प्रचार प्रसार तथा बजारीकरणका लागी छलफल गरी आन्तरिक पर्यटकहरुलाई नयाँ गन्तव्य सहितको प्याकेजको व्यवस्था गरिनेछ ।
३.विश्व पर्यटन दिवसको अवसरमा पोखराको प्रवर्द्धनको साथै पर्यटक आगमनमा जोडदिने कार्यक्रम आयोजना गरी **पोखरा हरेक मौसमको लागी**, विश्वमा नै रोजिएको गन्तव्य हो भन्ने विषयमा Branding को लागी अन्तरक्रिया गरी प्रचार प्रसार गरिनेछ ।
४.हालसम्म नाट्टा गण्डकी प्रदेशले पोखरा लगाएत नेपालकै पर्यटन प्रवर्द्धनमा गर्दै आएको कार्यक्रमहरुलाई वृहत रुपमा नयाँ गन्तव्य सहितको कार्यक्रम आयोजना गरिनेछ ।
५.नाट्टा गण्डकी प्रदेशको क्यालेण्डर, बुलेटिन तथा यस वर्षबाट सुरु गरिएको स्मारिकालाई निरन्तरता दिइनेछ ।
६.पोखराको पर्यटकिय गन्तव्यहरुलाई संरक्षण र प्रवर्द्धन मात्र नभएर पर्यटकिय स्थलहरुको मर्मत सम्भारको लागी स्थानीय सरकारसँग पहल गरिने छ ।
७.पोखरा अर्न्तराष्ट्रिय एयरपोर्टबाट अर्न्तराष्ट्रिय उडानको लागी अर्न्तक्रिया गरी सार्क राष्ट्र, चीन लगायत अन्य देशहरुसँग जसले पोखराको पर्यटन प्रवर्द्धनमा विशेष जोडदिने सक्ने अर्न्तराष्ट्रिय स्थलहरुको पहिचान गरी अर्न्तराष्ट्रिय उडानमा जोड दिइनेछ ।
८.Digital Marketing का लागी Advance Course तालिमको आयोजना गरिनेछ ।
९.पोखरामा अर्न्तराष्ट्रिय स्तरको **Gandaki Travel Mart** आयोजना गर्नको लागी Research एवं पहल गरी आयोजना गरिनेछ ।
१०.पोखरा पर्यटन परिषद्सँग आवद्ध रहेको पर्यटनका विभिन्न संघ संस्था, पोखरामा रहेका विभिन्न सामाजिक संघ संस्था मात्र नभएर गण्डकी प्रदेश भित्र रहेका संघ संस्था एवं नाट्टा केन्द्र सँग सम्बन्धीत प्रदेश, च्याप्टर तथा केन्द्र सँग अझै सुमधुर सम्बन्ध एवं पोखराको पर्यटन प्रवर्द्धनमा अन्य प्रदेश च्याप्टरसँग गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्नको लागि अन्य कार्यक्रमको आयोजना गरिनेछ ।
११.स्थानीय स्तरको संघ संस्थाहरु सँग मिलेर फरक स्तरको पर्यटन प्रवर्द्धन र निकासका कार्यक्रमहरु आयोजना गरिनेछ ।
१२.पर्यटक बसपार्कलाई नाट्टा गण्डकी प्रदेशको पहलमा संचालन गर्न निरन्तरता दिइनेछ ।
१३.City Tour Guide तालिमको आयोजना गरिने छ ।
१४. नाट्टा गण्डकी प्रदेशले बैंक तथा वित्तीय संघ संस्थाहरुसँग गरेको सम्झौताहरुलाई निरन्तरता दिइनेछ ।
१५.भाषागत तालिमको आयोजना गरिनेछ ।
१६.**Tourism Excellence Award** यस वर्षबाट निरन्तरता दिइनेछ ।

**अन्त्यमाः**

यस कार्यसमितिलाइ खुलेर सहयोग गर्नुहुने विभिन्न सरकारी निकायहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल टुरिजर्म बोर्ड, नाट्टा केन्द्रीय कार्यालय, बिभिन्न संघ संस्थाहरु ,व्यापारीक प्रतिष्ठानहरु, पुर्व अध्यक्ष ज्यूहरु, बोर्डका पदाधिकारी ज्यूहरु, कार्यसमितिका सहकर्मी मित्रहरु सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु। नाट्टा गण्डकी प्रदेशलाई बिशेष सहयोग गर्ने पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद, परिषद सँग आवद्ध संघ संस्थाहरु विभिन्न कार्यक्रम सम्पन्न गर्न अहोरात्र खट्नु हुने कार्यक्रम संयोजक ज्यूहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने सम-आदरणीय महानुभावहरु, साथै संघमा आवद्ध आदरणीय सदस्यज्यूहरु र पत्रकारज्युहरुलाई आ-आफ्नो तर्फबाट पुऱ्याउनु भएको अपार सहयोग र सद्भाव प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि यहाँहरुले सहयोग र सद्भाव निरन्तरता रहनेछ रहनेछ भन्ने विश्वास लिएको छु।

**धन्यबाद।**
**जय नाट्टा !**

**मितिः २०८१ श्रावण २९ गते**



संगिता पौडेल
महासचिव
नाट्टा गण्डकी प्रदेश

**नोट : आदरणीय सदस्य ज्यूहरु,**

महासचिवको प्रतिवेदन Mail मार्फत प्रेसित गरिसकेको हुनाले उक्त प्रतिवेदनलाई अध्ययन गरि सुझाव सल्लाह सहित बन्दशत्रमा उपस्थिती भई दिनुहुन हार्दिक अनुरोध गर्दछु।